जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)–०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक ४२ २०८० साल जेठ २८ गते आइतवार (11 June 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** प्रहरी भर्ना गर्न खोज्दा धम्की, कर्मचारी ... **पृष्ठ ३ मा :** स्थानीय सरकारले सेवा प्रदान ... **पृष्ठ ४ मा :** महिलाले पूर्ण सुरक्षित महसुस ... **पृष्ठ ५ मा :** वातावरण दिवसमा ...

## राजविराज नगरपालिकाले एकै पटक ६९ कर्मचारी हटायो




**राजविराज**/राजविराज नगरपालिकाकाले शुक्रवारदेखि लागु हुने गरी दैनिक तथा मासिक ज्यालादारीमा कार्यरत ६९ जना कर्मचारी हटाएको छ। नगरपालिकाले सरसफाई कर्मचारी बाहेक सबै दैनिक तथा मासिक ज्यालादारीमा काम गर्ने कर्मचारीलाई हटाएको हो।

मासिक एक करोड भन्दा बढी रकम तलबमै खर्च हुन थालेपछि ती कर्मचारीहरुलाई हटाइएको प्रमुख प्रशासकिय अधिकृत धर्मनाथ जोशीद्वारा शुक्रबार जारि सूचनामा उल्लेख छ।

यसरी सेवाबाट हटाइएका मध्ये नगरपालिकामा २२ वर्षदेखि काम गर्दै आएका कर्मचारीदेखी पूर्व जनप्रतिनिधिदेखि वर्तमान जनप्रतिनिधिद्वारा दैनिक तथा मासिक ज्यालादारीमा राखिएका कर्मचारी समेत परेका छन्।

सो निर्णय विहीवार नगरकार्यापालिकाको बैठकबाट भएको जनाउँदै सूचनामा खर्च घटाउन यस्तो निर्णय गरिएको स्पष्ट पारिएको छ। राजविराज नगरपालिकामा विभिन्न विभाग र फाँटका गरी झण्डै २ सय ५० कर्मचारी छन्। यसअघि राजश्व बाडफाँडबाट आउने रकमले तलब खुवाई कर्मचारीलाई नगरपालिकाले थामथुम पार्दै आएको थियो।

नगरपालिकाका लेखापाल शत्रुघनलाल दासका अनुसार पालिकाका कर्मचारी, शिक्षा, स्वास्थ लगायतको कर्मचारीको तलबमा मात्रै मासिक १ करोड २५ लाख रुपैयाँभन्दा बढी खर्च हुने गरेको छ।

राजविराज नगरपालिकाका प्रमुख भिमराज यादव विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा आरोप पत्र दायर गरेपछि उनी अहिले निलम्बित अवस्थामा छन्। नगरप्रमुख निर्वाचित हुनु अघिनै उनीमाथि एक निर्माण कार्यमा अनियमितताका आरोप लागेको थियो।

जसकारण उपप्रमुख इसरत परवीनले कार्यवाहक प्रमुख भएर पालिका चलाइरहेका छन्। उनले बजेटको अभावको कारण बढ्दो खर्च धान्न कठिन भएपछि कार्यपालिका बैठकले कर्मचारी कटौती गर्ने निर्णय गरेको बताइन।

यता वर्षौदेखि काम गर्दै आएका आफुहरुलाई एक्कासी हटाएर नगरपालिकाले अन्याय गरेको कर्मचारीहरुले गुनासो पोखेका छन्। आफुहरुसँग कुनै छलफल र जानकारी समेत नदिई एक्कासी सेवाबाट हटाइएको सूचना जारी गरेर अन्याय गरिएको बताउँदै एक कर्मचारीले पुनः नियुक्ति नगरिए कडा आन्दोलनमा उत्रिन बाध्य चेतावनी दिएका छन्।

एकातिर कर्मचारी अभावले नगरपालिकाको दैनिक कामकाज प्रभावित बन्दै गएको बेला एकै पटक ठुलो संख्यामा कर्मचारीलाई सेवाबाट हटाउँदा यसले थप जटिलता उत्पन्न गराउने नगरवासीको भनाई छ।

## छुट्टाछुट्टै मोटरसाइकल दुर्घटनामा एक बालकसहित दुईको मृत्यु, चार जना घाइते

**राजविराज**/बिजुलीको पोलमा आफै अनियन्त्रित भई ठोकिन पुग्दा गम्भिर घाइते भएका मोटरसाइकल चालकको उपचारको क्रममा मृत्यु भएको छ।

सप्तरीको रुपनी गाउँपालिका वडा नं. ६ जगमोहन टोल निवासी २० वर्षिय पंकज चौधरीको उपचारका क्रममा गजेन्द्र नारायण सिंह अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ।

सो दुर्घटनामा घाइते भएका मोटरसाइकल पछाडी सवार कंचनरुप ११ गिद्धहा टोल बस्ने १६ वर्षिय आरयन चौधरीको गोल्डेन अस्पताल बिराटनगरमा उपचार भई डिस्चार्ज भइसकेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार जेठ१९ गते जिल्लाको कंचनरुप नगरपालिका ११ गोरपास्थित भित्रि सडक खण्डमा पुर्वबाट पश्चिमतर्फ जादै गरेको प्र.२-०१-००४प.२५०९ नंम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई बिजुलिको पोलमा ठोकिएको हो।

सो दुर्घटनामा दुबै जना घाइते भएपछि स्थानिय धर्मेश्वर अस्पताल ठेलियामा समान्य उपचार पश्चात् बिराटनगरतर्फ पठाईएको थियो। सो अस्पतालमा पंकजको उपचार हुन नसकेपछि उनलाई राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा ल्याइएको र शुक्रबार उपचारकै क्रममा चिकित्सकले मृत घोषणा गरेको थियो।

यस्तै बुधबार जिल्लाकै बिष्णुपुर गाउँपालिका ६ गोबरगामास्थित तिलाठीबाट राजबिराजतर्फ आउदै गरेको प्रदेश१-०१-०१४प.७१४ नं.को स्कुटीको ठक्करबाट घाइते भएका एक बालकको उपचारका क्रममा मृत्यु भएको छ।

स्थानिय देबु सरदारका ४ वर्षिय छोरा आयुष सरदारको बिराट नर्सिङ होम बिराटनगरमा उपचारका क्रममा बिहीबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार बालकलाई स्कुटीले बाटो काट्ने क्रममा ठक्कर दिएको थियो। ठक्करबाट घाइते भएका उनलाई राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचारका भर्ना गरिएको थियो। पछि थपउपचारका लागि बिराट नर्सिङ होम बिराटनगरतर्फ लगिएकोमा सोही अस्पतालमा उनको मृत्यु भएको हो।

यता प्रहरीले स्कुटी र स्कुटी चालक ईलाम चुलाचुली गाउँपालिका ३ बस्ने शुक्रराज राईका १९ वर्षिय छोरा शौगात राईलाई नियन्त्रणमा लिएको जनाएको छ।

यस्तै बिहीबारै जिल्लाको डाक्नेश्वरी नगरपालिका वडा नं. ८ भिमपुरस्थित सडक खण्डमा आफै अनियन्त्रित भई दुई

*बाँकी दुई पृष्ठमा*

## नाबालिका मृत फेला

**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं.४ कुशाहाकी एक १६ वर्षिया नाबालिका झुण्डिएको अवस्थामा मृत फेला परेकी छिन।

स्थानिय शवि कुमारी राय आफ्नै कोठाको फलामको कोरामा सलको पासो लगाई झुण्डिएको अवस्थामा शुक्रबार मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

कुन कारणले उनी झुण्डिएको बारे प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ। यो घटनासँगै जिल्लामा चालु आ.ब. २०७९/८० मा १ सय १ जनाले विविध कारणले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङकले देखाएको छ।

**योजना तथा कार्यक्रम छनौट करैतकाल धिआन दियौ**

कोनो योजना, परियोजना या कार्यक्रम छनौट करैतकाल उत्पादकत्व बृद्धि, बेसीसँ बेसी रोजगारी होइबाला, नव परिवर्तनकारी उद्योग विकास तथा प्रवर्द्धन होइबाला, स्थानीय सीप आ श्रोत साधनक समुचित उपयोग होइबाला, कम लागत एवम् छोट समयेमे बेसी प्रतिफल देबएवाला परिणाममुखि आय आर्जनमूलक काजके प्रोत्साहन करु।

कोनो योजना, परियोजना एवम् कार्यक्रम निर्धारित समयसिमा भितर सम्पन्न क५ जिम्मेवार नागरिकके कर्तव्य निर्वाह करु।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

**गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

औलो(मलेरिया),डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

यसबाट बच्न,
- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### महिलाहरु विकासका सरल र सहज संवाहक हुन्

महिलालाई हेप्ने, शोषण गर्ने र मान्छे समेतको दर्जामा राख्न नचाहने केहीले पुरुषवादी अहम् राखेकाहरुकै कारण महिलाहरुका लागि समग्र समाजको विकासमा अवरोध सृजना हुँदै आएको छ । त्यसकारण पितृसत्तात्मक सोच र व्यवहारका कारण महिलाहरु आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक रुपमा पछाडि धकेलिँदैछन् । महिलाहरु विकासका सरल र सहज संवाहक हुन् भन्ने कुरा बुझ्नु जरुरी छ ।

जबसम्म विकासको समग्रतालाई मनन् गरेर महिला सहभागितालाई हरेक क्षेत्रमा प्रोत्साहित गरिँदैन तबसम्म समग्र विकासको कल्पना समेत गर्नु मुर्खता हुने कुरामा दुईमत नहोला । महिलाहरुको पहुँच र नियन्त्रण स्थानीय श्रोत र साधनमा नहुनु दुःखलाग्दो मात्र नभई अमानवीय पनि हो । जुन श्रोत-साधनको संरक्षण, सम्वर्द्धन र जगेर्ना गर्न महिलाहरु तत्पर रहन्छन्- उनीहरुको तदारुकताका साथको सहभागिता देखापर्छ, त्यही सहभागिता श्रोतको बाँडफाँडको बेला देखिँदैन । तसर्थ महिलाहरुको समग्र विकासको पाटो कमजोर हुँदै गएको छ । यो पाटो पनि सशक्तिकरण, अवसरको उपलब्धता र क्षमता अभिवृद्धिको मूलधारसँग जोड्नु पर्ने आजको आवश्यकता हो । महिलाहरुको पनि आर्थिक उत्पादन, सामाजिक जीवन लगायतका कार्यमा संलग्नताले उनीहरुको अवस्था परिवर्तनमा धेरै मद्दत गर्नेछ ।

तसर्थ महिलाहरुको उत्थानका क्रममा स्वयं महिलाहरुसँगै पुरुषले पनि सहकार्य गर्नुपर्ने हुन्छ । महिलाको पहुँच र नियन्त्रण पनि श्रोत साधनमा पुऱ्याउनु पर्ने हुन्छ । यसका लागि महिलासँगै पुरुषहरु पनि मानसिक रुपमा हुनुपर्ने समयको माग हो ।

# प्रहरी भर्ना गर्न खोज्दा धम्की, कर्मचारी समेतले टेर्दैनन् : कावा प्रमुख

**राजविराज**/राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परबिनले आफूलाई नगरपालिकामा काम गर्न असजिलो भइरहेको खुलासा गरेकी छिन् । उनले नगर प्रहरी भर्ना गर्न खोज्दा धम्की समेत आएको बताइन् ।

उनले अतिआवश्यक कामलाइ अघि बढाउन चाहदा पनि केही कर्मचारी समेतले नटेरेको तथा नगरमा आवश्यक नगर प्रहरी भर्नाको काम अघि बढाउन खोज्दा प्रमुख प्रशासकिय अधिकृत समेतलाई भर्ना प्रक्रिया अघि नबढाउन केही जिम्मेवार व्यक्तीहरुबाटै धम्की आएको गुनासो पोखिन ।

मंगलवार आयोजना गरेको नगरको विकास तथा त्यसमा देखिएको बाधा, अवरोध र जटिलता बारे अन्तरक्रिया कार्यक्रममा सो धम्की बारे जानकारी गराउँदै उनले धम्की दिने ब्यक्तीको नाम भने खुलाउन चाहिनन् ।

असहयोग र धम्की कै कारण नगर प्रहरी भर्ना, नगरमा सिसी क्यामरा जडान, स्वास्थ्य चौकीहरुमा औषधी र उपकरणहरुको व्यवस्थापन, निर्माणधीन अवस्थामा रहेको बसपार्क अविलम्ब संचालन लगायतका योजनाको काम पनि त्यतिकै थाँती राख्नु परेको उनको भनाई थियो ।

अन्तरक्रियामा नगरपालिकाबाट प्रवाह हुने सेवा, सुविधा र विकास निर्माण लगायतका कार्य छिटो छरितो र पारदर्शी ढंगले अघि बढे खुला हृदयले सहयोग गर्ने पूर्व जनप्रतिनीधी, विभिन्न राजनीतिक दल तथा संघ संस्थाका प्रतिनीधीहरुले सामुहिक प्रतिबद्धता जनाएका छन् ।

कार्यक्रममा कार्यवाहक नगर प्रमुख परविनले नगर विकासका लागी आफुले जिम्मेवारी पाए यता इमान्दारीपूर्वक काम गरेको दाबी गर्दै बेला बेलामा आन्तरिक र बाह्य दुबै पक्षका केही ब्यक्तीहरुबाट हुने गरेको अनावश्यक हस्तक्षेप र बाधा अड्चनले समस्या हुने गरेको सुनाईन ।

छलफलमा पूर्व मन्त्रि रेणु यादव, पूर्व मेयरहरु शैलेश चौधरी, शम्भु प्रसाद यादव, महिदेव चौधरी, पूर्व नगर उपप्रमुख साधना झा, नेपाली काँग्रेसका युवा नेता इर्शाद अन्सारी, ध्रुव देव, नन्द किशोर यादव, लोसपाका केन्द्रिय नेता जय प्रकाश ठाकुर, दिपेन्द्र चौधरी, एमालेका जिल्ला सचिव देवनाथ यादव, अखिलेश झा, जनमत पार्टीका रामलखन मण्डल, जसपाका जिल्ला अध्यक्ष केदार यादव, लक्ष्मण यादव, उद्योग बाणिज्य संघका अध्यक्ष लालु प्रसाद अग्रवाल, समाजसेवी शैलेन्द्र मोहन झा लगायतले कार्यालयको आन्तरिक प्रशासनमा सुधार ल्याउदै समन्वय र इमान्दीका साथ जनताका लागी विकास निर्माण लगायतका काम अघि बढाउन सुझाव दिदै त्यसमा आफुहरुले पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

# किसानलाई परिचयपत्र बितरण

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिकाले गाउँपालिका भित्रका विभिन्न कृषिजन्य उत्पादनमा लागेका किसानको पहिचानका लागि बिहीबारदेखी वर्गिकरणसहितका किसान परिचयपत्र बितरण कार्य शुभारम्भ गरेको छ ।

एक कार्यक्रमबीच गाउँपालिकाका विभिन्न वडाका गरि ३९ जना किसानहलाई "किसान परिचय पत्र" बितरण गरिएको छ । गाउँपालिकाका किसान र कृषि क्षेत्रलाई प्रोत्साहन गर्नका लागि यस्तो योजना कार्यान्वयनमा ल्याइएको गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले बताए ।

कृषि, पशुपंक्षि तथा मत्स्य क्षेत्रको व्यवसायीकीकरण, आधुनिकीकरण, यान्त्रिकीकरण र औद्योगिकीकरण गरि गुणस्तरिय उत्पादन तथा किसानलाई समय समयमा विशेष सुविधा दिन उक्त परिचयपत्र बितरण कार्य प्रारम्भ गरिएको अध्यक्ष यादवको भनाई छ ।

राष्ट्रिय समावेशी आयोगका सदस्य विष्णुमाया ओझाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, उपप्रमुख शम्भु कुमार यादव, राष्ट्रिय किसान आयोगका प्रवक्ता जिवन्ती पौडेल, राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष नवराज बस्नेत, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका प्रतिनिधि कुलप्रसाद रेग्मी, गाउँपालिकाका प्रशासन प्रमुख जामुन कुमार दास लगायतको कार्यक्रममा उपस्थिति रहेको थियो ।

यसअघि सो पालिकाले किसानलाई प्रोत्साहन गर्न विद्युत प्राधिकरणसँग सम्झौता गरि गाउँपालिकाभित्र संचालित सिंगल फेज कृषि मिटरको सबै किसानको मासिक विद्युत महसुल पनि ब्यहोर्ने निर्णय गरिसकेको छ ।

# राजनीतिक दलसँग निर्वाचन आयोगको परामर्श

**काठमाडौँ**/निर्वाचन आयोगले जिल्ला निर्वाचन कार्यालय खारेजको प्रस्तावलगायत विषयमा आज राजनीतिक दलसँग परामर्श गरेको छ ।

आयोगले निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयक, स्थानीय तहमार्फत मतदाता नामावली सङ्कलन प्रारम्भ, विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली सङ्कलन र राजनीतिक दलको लेखा र लेखा परीक्षण सम्बन्धमा पनि छलफल गरेको छ ।

छलफलमा प्रमुख निर्वाचन दिनेशकुमार थपलियाले आयोगको स्वतन्त्रता, स्वायत्तता र क्षेत्राधिकारमा सङ्कुचन ल्याउने र प्रतिकूल प्रभाव पार्ने कार्य सरकारबाट हुन नहुने बताउनुभयो । राजनीतिक दलका प्रतिनिधिले बजेट वक्तव्यको अनुसूचीमार्फत जिल्ला निर्वाचन कार्यालय खारेज गर्ने प्रस्ताव गरिएको विषयले आयोगको स्वायत्तता, निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतामा गम्भीर असर पर्ने देखिएको प्रतिक्रिया दिनुभएको थियो । साथै संवैधानिक निकाय निर्वाचन आयोग मातहतका जिल्लास्थित निर्वाचन कार्यालयबाट भइरहेको काम अन्य निकायमा दिनु संविधान र प्रचलितकानुन प्रतिकूल हुने देखिएको बताउनुभएको थियो ।

मतदाता नामावली सङ्कलन तथा अद्यावधिक र भर्खरै सम्पन्न तीनवटै तहका निर्वाचनपश्चात् निर्वाचनसम्बन्धी कागजात तथा निर्वाचन सामग्रीहरू सुरक्षित राख्नुपर्ने भएकाले जिल्ला निर्वाचन कार्यालयहरू यथावत् रूपमा राखी राख्न उपयुक्त हुने निर्वाचन आयोगको ठहर छ ।

निर्वाचन कार्यालया खारेजीका विषयमा सरकारबाट कुनै निर्णय भएको भए तत्काल उक्त निर्णय फिर्ता लिई जिल्ला निर्वाचन कार्यालय यथावत सञ्चालनका लागि आवश्यक स्रोत साधन उपलब्ध गराउन आयोगमार्फत नेपाल सरकारलाई लेखी पठाउन बैठकले निर्णय गरेको आयोगका प्रवक्ता शालिकग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

सो अवसरमा दलका प्रतिनिधिहरूले आयोगबाट तयार गरिएको निर्वाचन व्यवस्थापन विधेयक स्वीकृतिको प्रक्रिया अघि बढाउने, विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली सङ्कलन सुरु गर्ने, स्थानीय तहसँगको सहकार्यमा मतदाता नामावली सङ्कलन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । साथै राजनीतिक दलहरूको लेखा तथा लेखापरीक्षणका सम्बन्धमा निर्वाचन आयोगलाई सहयोग गर्ने उहाँहरूको भनाइ थियो ।

### छुट्टाछुट्टै मोटरसाइकल...

मोटरसाइकल एकआसपमा ठोकिदा तीन जना घाइते भएका छन् ।

पुर्वबाट पश्चिम तर्फ जादै गरेको प्र.०१-००४प.४५६४ नं.को मोटरसाइकल र बिपरित दिशा तर्फबाट आउदै गरेको स.१०प.८१०३ नं.को मोटरसाइकल ठोकिएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा प्र.०१-००४प.४५६४ नं.को मोटरसाइकल चालक डाक्नेश्वरी ८ प्रवाह टोल बस्ने ४० वर्षिय ईसराईल मियाँलाई केही नभएको तर पछाडी सवार ३५ वर्षिया उनकी श्रीमति तनजिला खातुनको टाउको, बाँया कानमा चोट लागेको तथा प्र.०१-००४प.४५६४ नं.को मोटरसाइकल चालक सोही नगरपालिका ८ भिमपुर बस्ने ४८ वर्षिय राम कुमार मण्डलको मुखमा चोट लागेको र पछाडि सवार स्थानिय ५५ वर्षिय उतिनलाल साहको बाँया हातमा चोट लागेको प्रहरीले जनाएको छ ।

घाइते अवस्थामा तनजिला खातुन र उतिनलाल साहको गजेन्द्र नारायण अस्पताल राजविराजमा उपचार भईरहेको तथा राम कुमार मण्डललाई थप उपचारका लागी न्युरो अस्पताल बिराटनगरतर्फ पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# स्थानीय सरकारले सेवा प्रदान गर्ने कि बजेट बाँड्ने ?

**यमनाथ शर्मा**

कञ्चनपुरको भिमदत्त नगरपालिकाले चालु आर्थिक वर्षमा विभिन्न वडाहरूका लागि मन्दिर, चर्च, सशस्त्र प्रहरीको भवन निर्माण लगायत काममा २२ लाख रूपैयाँभन्दा बढी बजेट विनियोजन गर्‍यो । त्यहीं बर्थिङ सेन्टरको सुदृढीकरणका लागि संघ र प्रदेश सरकारसँग विशेष अनुदान माग गर्ने निर्णय गरेको छ ।

रोल्पाको सुनछहरी गाउँपालिकामा जेलवाङ स्वास्थ्य चौकी बनाउन नपुग १३ लाख ५० हजार रूपैयाँ उठाउन स्थानीयले चन्दा संकलन अभियान थालेको समाचार आयो । त्यही पालिकाले चालु वर्ष वडा र पालिका स्तरीय योजना गरी १७ लाख रूपैयाँभन्दा बढी जातजाति/समुदाय विशेषका भवन तथा कार्यक्रमका लागि छुट्याएको छ ।

पालिकाहरूले वार्षिक बजेट तर्जुमा कसरी गर्ने? वडाहरूलाई मार्ग निर्देशनसहित सिलिङ दिने र सोको आधारमा बजेट छुट्याउने अभ्यास कस्तो हुन्छ? यो लेखमा यिनै विषयबारे चर्चा गरेको छ ।

अधिकांश पालिकाले कतै सूत्र प्रयोग गरेर त कतै दामासाहीमा वडालाई बजेट विनियोजन गरेको पाइन्छ । वडाको क्षेत्रफल, जनसंख्या, विकासको अवस्था/आवश्यकता, राजस्वको योगदान, कार्यसम्पादन जस्ता कुरालाई सूत्रका आधार मान्ने गरिएको छ ।

जनताको सबभन्दा नजिकको सरकारको रूपमा रहेर संविधानले निर्दिष्ट गरेबमोजिम सेवा प्रवाह गर्नुपर्ने पालिकाहरूले अर्थ मन्त्रालय जस्तै वडालाई बजेट विनियोजन गर्नु कति ठीक वा बेठीक हो? यसको समीक्षा आवश्यक छ ।

बजेट तर्जुमा एक राजनीतिक प्रक्रिया हो । यसको प्रक्रियामा संलग्न सबैलाई विश्वासमा लिई उनीहरूका चासो सम्बोधन गर्नुपर्छ । पालिकाका अधिकांश प्रतिनिधिहरू दलगत आधारमा चुनिएका हुन्छन् । सभा र कार्यपालिकामा आफ्नो दलको बहुमत भए पनि फरक दलका प्रतिनिधिलाई विश्वासमा लिन सके मात्र अध्यक्ष/प्रमुख सभाबाट सहज रूपमा बजेट पारित गर्न सक्ने अवस्था हुन्छ । अध्यक्ष/प्रमुख सभामा अल्पमतमा रहेको अवस्थामा फरक दलका प्रतिनिधिलाई विश्वासमा लिने काम अझ कठिन हुन जान्छ ।

यस अर्थमा वडाका लागि छुट्टै बजेट विनियोजन गर्नुलाई बजेट तर्जुमा प्रक्रियाको 'लुब्रिकेन्ट' का रूपमा लिन सकिन्छ । यसका अतिरिक्त स-साना आवश्यकता र मागहरूलाई वडामा छुट्याइएको बजेटबाट सम्बोधन गर्दा वडावासी र प्रतिनिधिबीचको सम्बन्ध पनि बलियो हुन्छ । वडाका प्रतिनिधिलाई पनि आफू अधिकारसम्पन्न भएको अनुभव हुन्छ । अब लागौं यस अभ्यासका अर्को पाटोतर्फ ।

संविधानले पालिकालाई प्रदान गरेका अधिकार/जिम्मेवारीहरू धेरै व्यापक छन् । तिनलाई दक्ष र प्रभावकारी रूपमा कार्यान्वयन गर्न अधिकांश पालिकाको वर्तमान आकार पर्याप्त छैन । अर्थात् दिइएका अधिकारको आन्तरिकीकरण गरी चुस्त सेवा प्रवाह गर्न पालिकाहरूको आकार अहिलेको भन्दा ठूलो हुनुपर्छ । त्यसैले स्थानीय तह पुनर्संरचना आयोगले सुरूमा ५६५ पालिका प्रस्ताव गरेको थियो । आयोगको सुरूको प्रस्तावको विरोध गरेका तर अहिले नीति निर्माण तहमा रहेका व्यक्तिले अहिले आएर आयोगको प्रस्ताव ठीक रहेको स्वीकार गर्न थालेका छन् ।

पुनः संरचना क्रममा तत्कालीन स्थानीय निकायको संख्या घटेको रूपमा पनि कतिपयले व्याख्या गरेको पाइन्छ । स्थानीय सरकारमा निर्वाचित हुने प्रतिनिधि संख्या घटेकाले यस्तो व्याख्या आएको हुनसक्छ । तर संविधानप्रदत्त जिम्मेवारी प्रयोगको सवालमा साविकको जिल्ला संख्या ७५ बाट ७५३ पुगेको रूपमा लिनुपर्ने हुन्छ । साविकमा जिल्लास्थित कार्यालयहरूबाट प्रदान गरिने अधिकांश सेवा (जस्तै स्वास्थ्य, शिक्षा, कृषि प्रसार, खानेपानी आदि) पालिकाहरूमा निक्षेपण गरिएकाले यस्तो व्याख्या हुने हो । कानुन बनाउने, कर लगाउने, बजेट तर्जुमा गर्ने लगायत अधिकारका कारण तत्कालीन जिल्लाभन्दा पालिकाहरू धेरै अधिकारसम्पन्न छन् ।

प्राप्त अधिकार उपयोगको सन्दर्भमा संविधानले पालिकालाई एउटा योजना एकाइको रूपमा लिएको छ । वडाका लागि बजेट छुट्याउनु भनेको वडालाई छुट्टै योजना एकाइको रूपमा लिनु हो । यसो गर्दा योजना एकाइको संख्या ७५ बाट ७५३ होइन एकैचोटि ६,७४३ हुन पुग्छ । नेपालजस्तो सानो मुलुकलाई ७५३ योजना एकाइमा विभाजन गरिसकेपछि सो एकाइको तहमा पनि एकीकृत योजना गर्न नसक्नु संविधानको भावना र स्थानीय तह पुनः संरचनाको उद्देश्य प्रतिकूल हुन्छ ।

संविधानले वडालाई गाउँ/नगर सभा र कार्यपालिकामा प्रतिनिधित्व गर्ने एकाइको रूपमा लिएको छ । छुट्टै योजना एकाइको रूपमा होइन । तसर्थ, संविधानले वडाका अधिकारको व्यवस्था नगरेको हो ।

वडालाई बजेट छुट्याएर यसलाई पालिकाको एकीकृत योजना प्रक्रियाबाट अलग गर्दा विभिन्न विसंगति सिर्जना भएका छन् । पालिकाभित्रै 'वडाका' र 'पालिकाका आयोजना' भन्ने विभाजन छ । कतिपय स्थानमा त 'वडाले यति बजेट दियो, पालिकाको तर्फबाट खोइ' भनेर अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उप-प्रमखसँग वा पालिकाको तर्फबाट 'वडातर्फको यति बजेट खोइ भनी' वडाका प्रतिनिधिसँग प्रश्न गरेको पाइन्छ । एउटै स्रोत र संगठनबाट उही क्षेत्र र वासिन्दाका लागि विनियोजन भएको बजेटका सम्बन्धमा यस्तो प्रश्न आउनुलाई निको मान्न सकिदैन ।

यसको अर्को पक्ष पनि छ – पालिकाको समग्र विकास हेर्ने अध्यक्ष/प्रमुख तथा उपाध्यक्ष/उप-प्रमुख र वडाको विकास हेर्ने वडा प्रतिनिधिहरू भन्ने विभाजन सिर्जना भएको छ ।

संरचनागत कारणबाट संघीय र प्रदेश सरकारको तुलनामा सबै क्षेत्रलाई एउटै ठाउँमा जोडी एकीकृत योजना गर्न सक्ने हैसियत स्थानीय सरकारकै बढी हुन्छ । त्यहीं यस्तो विभाजन आउनु स्वस्थकर होइन । वडाका प्रतिनिधिको मुख्य काम सभा र कार्यपालिकामा वडाको प्रतिनिधित्व गरी पालिकाको समग्र विकासको सापेक्षमा आफूले प्रतिनिधित्व गरेको वडाको हित प्रवर्द्धन गर्नु हो ।

पालिकाहरूले खुद्रे आयोजनामा केन्द्रित भई बजेट विनियोजन गरेको भनेर आलोचना खेपिरहेको अवस्थामा यस्तो अभ्यासका कारण आयोजना र सेवाको झनै खण्डीकरण भएको छ ।

वडाअन्तर्गत सबभन्दा बढी सडकसँग सम्बन्धित आयोजना समावेश हुन्छ । यिनको वितरण हेर्दा फलानाको घरदेखि ढिस्कानाको घरसम्म भन्ने प्रकृतिका हुन्छन् । जम्मा कति किलोमिटर बाटो कालोपत्रे वा ग्राभेल हुने हो भन्नेसम्म उल्लेख हुँदैन । त्यसैगरी, कतै स्वास्थ्य चौकीका लागि औषधि खरिद त कतै जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति! वडाबाट यस्ता बजेट छुट्याउने गरिएबाट स्वास्थ्य, शिक्षाजस्ता क्षेत्रहरू एउटै पालिकाभित्रै पनि खण्डित भएका छन् ।

यस्तै कारण 'टुक्रे योजना लिएर विकास गर्न गाउँगाउँ जाने भए सांसद होइन वडाध्यक्ष उठ्नु' भन्ने भाष्य सिर्जना भएको छ । यो भाष्य वडाअध्यक्ष लगायत सबै प्रतिनिधि र पालिकाका लागि अप्रिय हो ।

वडाहरूको बजेटका थुप्रै यस्ता शीर्षक छन् जसले एउटै पालिकाभित्रका बासिन्दाबीच असमान व्यवहार हुन पुगेको छ । स्वास्थ्य तथा दुर्घटना बिमा कार्यक्रम, जेष्ठ नागरिकका लागि सुलभ औषधि व्यवस्थापन, विपन्न वर्गका सुत्केरी तथा गर्भवती महिलाका लागि पौष्टिक आहार वितरण, अपांगता भएका व्यक्तिका लागि विशेष कार्यक्रम आदि यसका उदाहरण हुन् ।

अधिकांश अवस्थामा यस्तो खर्च संघीय समानीकरण अनुदानबाट बेहोरिन्छ । यो झनै उचित होइन । किनकि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले पालिकाको तहमा समानता कायम हुने गरी पालिकाले पाउने रकम सिफारिस गर्छ ।

अझ महत्वपूर्ण, दक्षता र समन्यायका कारण स्वास्थ्य बिमाजस्ता कार्यक्रम संघीय सरकारबाट लागू गर्दा उपयुक्त हुन्छ । वडा तहमा यस्तो कार्यक्रम सञ्चालन गरिनु अनि कुनै पँधेराको मूल संरक्षणका लागि संघीय सरकारले सशर्त अनुदान पठाउनु संघीयता कार्यान्वयनको उदेक लाग्ने पक्ष हो ।

थुप्रै 'वडास्तरीय' आयोजनाहरू; मन्दिर, गुम्बा, चर्च, मस्जिद तथा जातजाति विशेषका भवन निर्माणसँग सम्बन्धित हुन्छन् । पालिकाहरूबाट बजेट हात पार्न धार्मिक र जात/जातिगत संघसंस्थाबीच प्रतिस्पर्धा नै चलेजस्तो देखिन्छ ।

यस्ता संघसंस्थालाई बजेट विनियोजन गर्ने पालिकाले बर्थिङ सेन्टरको सुदृढीकरणका लागि प्रदेश र संघ सरकारबाट विशेष अनुदान माग गर्ने सूचीमा राखेको उदाहरण माथि आइसकेको छ । संविधानले प्रत्याभूत गरेका आधारभूत सेवाहरूमा बजेट अपुग हुने तर संघसंस्थालाई उल्लेख्य बजेट विनियोजन हुनुलाई बिडम्बना नै मान्नुपर्छ । अधिकांश अवस्थामा यस्ता क्रियाकलापहरू समानीकरण अनुदानबाट बेहोरेको पाइन्छ, जुन उक्त अनुदानको उद्देश्यको सर्वथा विपरीत हुन जान्छ ।

यससँग सम्बन्धित अर्को पक्ष पनि त्यत्तिकै गम्भीर छ । वडाको बजेटमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, हुलाक कार्यालय, संघीय सडक आदिका लागि बजेट छुट्याइन्छ । कतिपय पालिकामा जहाँजहाँ प्रहरी चौकी छन्, त्यहाँत्यहाँ सम्बन्धित वडाबाट बजेट छुट्याएको पाइन्छ । संघीय सरकारबाट स्थानीय सरकारमा गएको अनुदान पुनः संघीय सरकारका निकायलाई नै प्रदान गर्नु वित्तीय व्यवस्थापन, पारदर्शिता र जवाफदेहीको दृष्टिकोणबाट अनुचित हो । संघीय निकायलाई चाहिने रकम संघीय सरकारबाट सोझै पठाइनुपर्छ न कि स्थानीय सरकारको बजेटको 'चोर' बाटोबाट ।

**अब पालिकाहरूले वडाका लागि छुट्टै बजेट विनियोजन गर्नुपर्ने कारणतर्फ हेरौं ।**

पहिलो कारण योजना र बजेट तर्जुमा पद्धतिको कमजोरी हो । यसमा मूलतः तीन पक्ष जोडिन्छन् । पहिलो समस्या बुझाइमा छ ।

वडागत रूपमा नछुट्याई विषय क्षेत्रगत (जस्तै सडक, खानेपानी, शिक्षा) हिसाबले पालिकाको तहमा एकीकृत योजना तर्जुमा गर्दा पनि बजेट आखिर कुनै न कुनै रूपमा वडामै जाने हो । अनि, वडागत रूपमा बजेट विनियोजन गर्दा पनि आखिर त्यो बजेट सडक, खानेपानी, शिक्षा इत्यादि क्षेत्रमै जाने हो । बरू क्षेत्रगत हिसाबले योजना गर्दा सम्बन्धित क्षेत्रलाई पालिकाभित्र समष्टिमा हेर्न सकिने हुन्छ र त्यो योजना बढी प्रभावकारी र समन्यायिक हुन्छ । दोस्रो पक्ष पालिकाहरूको समग्र योजना तर्जुमाको क्षमतासँग सम्बन्धित छ ।

क्षेत्रगत आधारमा समग्र योजनाको तर्जुमा गर्ने अवधारणा अनुरूप कार्यपालिकामा विषयगत समितिहरू (जस्तै आर्थिक, सामाजिक आदि) को प्रावधान छ, जसमा अधिकांश अवस्थामा वडाध्यक्षको बहुमत रहन्छ ।

व्यवहारमा भने ती समितिले गतिलो भूमिका खेल्न सकेका छैनन् । यी समितिको भूमिका गतिलो हुन विषयगत महा/शाखाहरू सबल हुन आवश्यक छ । तर पालिकाहरूमा विषयगत महा/शाखाको अवधारणा नयाँ हो । अधिकांश स्थानमा आवश्यक जनशक्ति छैन । भएकामा पनि पर्याप्त क्षमता छैन । विषयगत महा/शाखा सबल भएको अवस्थामा पालिकाहरूले आ-आफ्नो क्षेत्रको समग्र अवस्थाको चित्रण तथ्य र तथ्यांकका आधारमा गर्न सक्छन् । यसका आधारमा जनप्रतिनिधिहरूलाई समष्टिगत प्राथमिकता निर्धारण गर्न सजिलो हुन्छ । पालिकाहरूमा 'आयोजना बाँड्ने' प्रवृत्ति योसँग जोडिएको अर्को पक्ष हो ।

योजना पद्धतिको प्रमुख विशेषता समावेशी तरिकाले सामूहिक निर्णय गर्ने र सबै पक्षले निर्णयको परिपालना गर्ने हो । तर कतिपय पालिकाले बजेटको एउटा हिस्सा 'अवण्डा' राखेर त कतिले मोटामोटी तरिकाले विनियोजन गरेर त्यसबाट मूलतः अध्यक्ष/प्रमुखले वर्षभरि नै बाँडफाँट गर्दै आएका छन् । कतिपय पालिकामा यही नै अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उप-प्रमुखको विवादको मूल कारण भएका समाचार पढ्न पाइन्छ । यस्तो अवस्थामा वडाका प्रतिनिधि, विशेषतः वडाअध्यक्षहरूले त्यस्तै किसिमको अधिकारको माग गर्नु स्वाभाविक हो ।

संघीय संसद/निकायबाट भएको नीतिगत व्यवस्था र निर्देश यसको अर्को कारण हो । स्थानीय सरकार सञ्चालन ऐनमा भएको प्रावधानअनुसार प्रमुख प्रशासकीय अधिकृतले सिलिङ दिनुपर्ने र सोही आधारमा महा/शाखा र वडा समितिले बजेट तर्जुमा गर्नुपर्छ । त्यसैगरी राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको (नमूना) योजना तर्जुमा दिग्दर्शन, २०७५ ले क्षेत्रगत बजेटको सीमा निर्धारणपछि पालिकाले जनसंख्या, क्षेत्रफल आदिलाई आधार मानेर वडागत बजेट सीमा निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ । यी व्यवस्था

*बाँकी चार पृष्ठमा*


## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**हाम्रा विशेषताहरु**

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# महिलाले पूर्ण सुरक्षित महसुस कहिले गर्ने ?

**कल्पना सानु भट्टराई**

स्कुले जीवनमा महिला हिंसा के हो र यसलाई शब्द कसरी बुझ्ने भन्ने लाग्थ्यो। शिक्षक-शिक्षिकासँग सोध्दा एक वाक्यमा भन्नुहुन्थ्यो, 'कुनै पनि महिलालाई कुटपिट गर्‍यो, दुःख दियो अथवा अमानवीय व्यवहार गर्‍यो भने त्यसलाई महिला हिंसा भनिन्छ।'

खोइ सम्झनँ सकिनँ, तर उहाँहरूले भन्नुभएको तात्पर्य अहिले बुझ्दै छु। हो, त्यो बेला पनि सोच्ने गर्थें, ओहो मलाई पनि हिंसा गर्ने हो कि कसैले। अनि फेरि नियम-कानुनको सम्झना आउँथ्यो, अनि मन फुरुङ्ग हुन्थ्यो। टेलिभिजनमा सिनेमा हेर्दा अदालतमा भएका मुद्दा, फैसला जितेको अनि न्याय पाएको सम्झन्थें।

जतिजति म बुझ्ने भएँ, त्यति नै हिंसात्मक समाचार (विशेषतः महिला हिंसाका) सुन्नमा आए, तर न पीडितले न्याय पाए, न त अपराधीले सजाय। म यस्तै समाजकी एउटा छोरी, जो जहाँ-कहीं जाँदा हिंसा हुने भय लिनुपर्ने अनि त्यो अप्ठेरो संघार पार गर्नुपर्ने !

प्रसंग जोड्न चाहें निर्मला हत्याकाण्डको। यो घटनालगत्तै न्यायका लागि आवाज जति चर्को रूपमा उठेको थियो, क्रमशः मत्थर हुँदै गयो। म यही समाजकी छोरी, जहाँ न्यायका लागि भिख माग्नुपर्छ, कानुनका पानाबाट न्याय बाहिर निस्कन सक्दैन। निर्मला हत्याकाण्ड अघि र पछि पनि थुप्रै महिला हिंसामा परेका छन्। राज्यले महिला हिंसा हुन नदिन ठोस कदम चालेको देखिँदैन।

दिन प्रतिदिन बढ्दो महिलाहिंसालाई लिएर मन खिन्न हुन्छ। तराईमा दाइजोका निहुँमा महिलालाई जिउँदै जलाइन्छ। यस्ता घटना हुनुका पछाडिको कारण पहिल्याएर राज्य अगाडि बढेको देखिँदैन।

हरेक दिन हरेक क्षण महिलाले यो समाजमा असुरक्षित महसुस गर्नुपर्छ। महिला सुरक्षित कहाँ छन्- घर, विद्यालय, कार्यालय तथा सार्वजनिक स्थलमा ? कतै महिलामाथि कुनै हिंसा भयो भने त्यसको अपराधीले सजाय नपाउँदै अरु सयौं महिला हिंसामा परेका हुन्छन्। ठूला घटनापछि चेतनशील महिला काठमाडौंको माइतीघर मन्डलामा न्यायका लागि आवाज उठाउन पुग्छन्। सधैं न्यायका लागि आवाज उठाउनुपर्ने ? कति महिला माइतीघर मन्डलामा आन्दोलन गरेर र धर्ना बसेर थाकेका छन्, अझै न्याय मिलेको छैन।

जुनसुकै समाज, वर्ग, क्षेत्र र समुदायमा विभिन्न रूपमा महिलाहिंसाका घटना भइरहेका छन्। कार्यस्थल, शैक्षिक संस्थान, सार्वजनिक ठाउँ तथा घर-समाज जहाँसुकै महिला पूर्ण रूपमा सुरक्षित छैनन्। महिला तथा बालबालिकामाथि हुने हिंसाजन्य घटना न्यूनीकरणका लागि राज्यका सम्पूर्ण संयन्त्रले प्राथमिकताका साथ काम गर्नुपर्ने हुन्छ, तर त्यसरी काम भएको देखिँदैन।

**सार्वजनिक यातायात र सडक**

सार्वजनिक यातायातमा महिला सुरक्षित छन् त ? त्यहाँ अझ आरक्ष सिट समेत तोकिएको छ। कतिपय सार्वजनिक सडकमा सिसी क्यामरा समेत जडान छन्, त्यसले काम गर्छ वा गर्दैन त्यो अर्को पाटो हो।

सडकमा समेत विभिन्न रूपका महिलाहिंसा भइरहेका छन्। ठाउँ ठाउँमा राखिएको छ, 'कहींकतै महिला हिंसा भएको पाउनुभए हामीलाई खबर गर्नुस्।' थाहा छैन, यो समाजमा महिला हिंसाका घटना देखेपछि कतिले प्रहरी वा आधिकारिक निकायलाई खबर गर्लान् !

पुरुषलाई मात्र दोषी देखाउने मेरो उद्देश्य होइन, सबै पुरुष खराब अनि सबै महिला असल पनि हुँदैनन्। आफूमाथि हिंसा हुन लागेपछि कतिपय अवस्थामा महिला स्वयंले विरोध र प्रतिकार गर्न सक्नुपर्छ। सार्वजनिक यातायातमा दुई-चार सिट छुट्ट्याएर मात्रै हुँदैन, सडक, सार्वजनिक स्थल र सार्वजनिक सवारी साधनभित्र सबैतिर सुरक्षाको प्रत्याभूति गरिनुपर्छ। कतै घटना भइहाले पीडकलाई कडा कारबाही हुनुपर्छ।

आज पाँचौं राष्ट्रिय महिला अधिकार दिवस, 'महिला हक अधिकार : सबैको साझा सरोकार' नाराका साथ दिवस मनाइँदै छ। २०६३ जेठ १६ गते तत्कालीन पुनः स्थापित प्रतिनिधिसभाले नेपाली महिलाका अधिकारसम्बन्धी महत्त्वपूर्ण चारवटा 'विशेष प्रस्ताव' पारित गरेको दिनलाई स्मरण गरी हरेक वर्ष जेठ १६ गते राष्ट्रिय महिला अधिकार दिवस मनाउँदै आइएको छ। महिला अधिकार दिवस मनाइरहँदा हामीसँग थुप्रै प्रश्न अनुत्तरित छन्- के महिलाले पाउनुपर्ने हक-अधिकारको सुनिश्चित भएको छ ? महिलाले आफ्ना लागि आवाज उठाउने वातावरण बन्न सकेको छ ?

अहिले महिलालाई ३३ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ। यो आफैंमा अन्यायपूर्ण छ- समान न्यायका लागि महिला र पुरुषको बराबर सहभागिता हुनुपर्छ, यसमा पनि विभिन्न पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई न्याय गरिनुपर्छ।

अर्कोतिर शिक्षा र तालिमहरुमा जोड दिएर महिला जनशक्ति तयार गर्नुपर्ने पनि छ। गणतन्त्रपछि सामाजिक न्यायका लागि विभिन्न नीतिगत तथा संस्थागत प्रयास भइरहेका छन्, तर तुलनात्मक रूपमा महिला सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक एवं आर्थिक रूपमा पछाडि परेका छन्। रातोपाटीबाट

## *स्थानीय सरकारले ...*

कति असंगत छन् भन्ने कुरा माथि आइसकेको छ। वडाहरूले सम्हालेको विरासत पनि एउटा कारक हो।

अधिकांश गाविसहरू वडामा रूपान्तरण भएका छन्। साविकमा गाविसले प्राप्त गरेको रकम वडाहरूले पाउनुपर्छ भन्ने मान्यताले काम गरेको छ। पहिले गाविसको अनिवार्य खर्च जिम्मेवारी नभएको अवस्थामा पनि ठूलो रकम अनुदान स्वरूप प्रवाह हुन्थ्यो। त्यसैले गाविसलाई रकम विनियोजनमा प्रशस्त लचकता थियो। वडाका प्रतिनिधिबाट त्यही किसिमको लचकता नयाँ संरचनामा पनि माग भएको देखिन्छ।

यसो भन्दै गर्दा प्रशासनिक र अन्य सेवा प्रवाह, राजस्व संकलन, आयोजना कार्यान्वयन र सहजीकरण लगायत काममा वडा कार्यालय र वडा प्रतिनिधिले पुर्‍याइरहेको ठूलो योगदान नजरअन्दाज हुँदैन। यसलाई अझै बलियो बनाउन वडा कार्यालयको विद्यमान क्षमता सुदृढ गर्न आवश्यक छ। दुर्गमका कतिपय पालिकामा त वडाका पनि शाखा कार्यालय खोल्न आवश्यक हुन सक्छ।

वडागत बजेट विनियोजनका फाइदाभन्दा बेफाइदा बढी भएको छ। पालिका र स्थानीय सरोकारवाला यसमा अभ्यस्त भइसकेकाले यो प्रवृत्ति उल्टाउन पनि त्यति सजिलो छैन। तर अवधारणागत, नीतिगत, प्रक्रियागत र संस्थागत तहबाट जति छिटो यसको सम्बोधन गरिन्छ, त्यति नै पालिकाहरूको योजना प्रभावकारी भएर नागरिकले प्राप्त गर्ने सेवासुविधा चुस्त र नतिजामूलक हुन्छ। करदाताले तिरेको राजस्वको पनि उपयोग हुन्छ।

(शर्मा संविधान सभाको प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजस्व बाँडफाँट समितिको विज्ञको हैसियतमा वित्तीय संघीयता सम्बन्धी मस्यौदा निर्माणमा संलग्न थिए।) सेतोपाटीबाट


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका, सप्तरी



## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

# वातावरण दिवसमा वृक्षारोपण






**राजविराज**/विश्व वातावरण दिवसको अवसरमा प्रभातफेरी तथा वृक्षारोपण लगायतका कार्यक्रमको आयोजना गरिएको छ ।

डिभिजन वन कार्यालय सप्तरी तथा मधेश प्रदेश कृषि विश्वविद्यालयको संयुक्त आयोजनामा विहान प्रभातफेरीको आयोजना गरिएको हो ।

स्थानीय गजेन्द्र चौकबाट निस्केको र्‍याली नगरको विभिन्न भागको परिक्रमा गरी पुनः सोही स्थानमा आएर समापन भएको थियो । प्रभातफेरीमा सहभागीले "रुख रोपी स्वच्छ वातावरण कायम गरौ, निजी जग्गामा वुक्षारोपण गरी वातावरण स्वच्छ र सफा राखौ, प्लास्टिकजन्य प्रदुषण निर्मूल पारौं, वातावरण मैत्री विकल्प प्रयोग गरौं" लगायतका सचेतना मुलक नारा लेखिएको प्लेकार्ड बोकेका थिए ।

प्रभातफेरीमा डिभिजन वन कार्यालय सप्तरीका प्रमुख हेमन्त प्रसाद साह, मधेश प्रदेश कृषि विश्वविद्यालयका रजिस्टार डा. भगवान ठाकुर, प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, प्रहरी उपरिक्षक नरेन्द्र कार्की, वरख गणका गणपती दुर्गा बहादुर थापा, राजविराज नगरपालिकाका स्थास्थ्य शाखा प्रमुख निरन्जन यादव, डिभिजन वन कार्यालयका रेन्जर लक्ष्मण साफीका साथै वनका कर्मचारी, मधेश प्रदेश विश्वविद्यालयका छात्रछात्रा तथा विभिन्न संघ संस्थाका प्रतिनीधीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

वातावरण दिवस कै अवसरमा डिभिजन वन कार्यालय सप्तरीले जिल्ला प्रशासन कार्यालय परिसर तथा जिल्ला स्थित सामुदायिक वनहरुमा समेत विभिन्न जातका हजारौं विरुवा रोपेको छ ।

सो अवसरमा जिल्ला डिभिजन वन कार्यालयका प्रमुख साहले जिल्लामा वन क्षेत्र कम भएकोले खाली रहेको निजी तथा सार्वजनिक जग्गामा समेत वृक्षारोपण गर्न जोड दिए । वन तथा वातारणमा संकट निम्तने खतरा बढ्दै गएकाले विरुवाको महत्व संसारभर बढेको उनको भनाई थियो ।

यस्तै विश्व वातावरण दिवसको अवसरमा "प्लाष्टिकजन्य प्रदुषण निर्मूल पारौं : वातावरण मैत्री विकल्पको उपयोग गरौं" नाराका साथ सोमबार तिलाठी कोइलाडी गाउँपालिकाद्वारा दुई ठाउँमा वृक्षारोपण गरिएको छ ।

गाउँपालिकाद्वारा वडा नं. १ तिलाठीस्थित सरस्वती मन्दिर प्राङ्गणमा र लक्ष्मीबल्लभ नरसिंह मावि बभनगामाकट्टी विद्यालय प्राङ्गणमा वृक्षारोपण गरिएको हो ।

गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल, उपाध्यक्ष फुलकुमारी साह, प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादव, वडा अध्यक्षहरु दिनेश्वर मिश्र, रमेश मुखिया, मुनिलाल मुखिया, ललनप्रसाद राउत, रोशन सिंह, हरिनारायण मण्डल र सत्यनारायण यादवले सहभागिता रहेको थियो ।

सो अवसरमा अमला, निम, अशोक, मसला, महगनीलगायतको जातको विरुवा रोपिएको गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

पछिल्लो एक सातादेखि बढ्दै गएको तापक्रमले जनजीवन प्रभावित बनेको बताउँदै गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलले वृक्षारोपणले पर्यावरणमा सहयोग पुग्ने र यसलाई सघन रुपमा अगाडि बढाउने योजना रहेको बताए ।

यस बर्षको लागिसंयुक्त राष्ट्रसंघले *"सोलुशन टु प्लाष्टिक पोलुशन"* नारा तय गरेको छ । विश्व पर्यावरणप्रति वैश्विक स्तरमा राजनीतिक र सामाजिक जागृति ल्याउने उद्देश्यले संयुक्त राष्ट्र संघको आह्वानमा सन् १९७३ देखि दिन विश्व वातावरण दिवस मनाउन शुरु गरिएको हो । संयुक्त राष्ट्रसंघको महासभाले गरेको घोषणा तथा संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको अग्रसरतामा जुन ५ तारिखका दिन विश्वब्यापी रुपमा यो दिवस मनाउने गरिएको छ ।

यता एक सातादेखि तापक्रममा भएको अत्यधिक वृद्धिका कारण तराई मधेशका केही जिल्लाहरुमा विद्यालय बन्द गरिएको छ । जल तथा मौसम विज्ञान विभागले सतर्कता तथा सावधानी अपनाउन भनी बुलेटिन नै जारी गरेको छ । अत्यधिक गर्मीका कारण लु लाग्न सक्ने समेत बताइएको छ । गर्मीका कारण थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरु दुख्ने, बान्ता हुने जस्ता जोखिमहरु हुन सक्ने भएकोले सतर्कता तथा सावधानी अपनाउन भनिएको छ ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

अनुरोधकर्ता
छिन्नमस्ता गाउँपालिका, सप्तरी



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

अनुरोधकर्ता

खडक नगरपालिका, सप्तरी

# अन्तर्राष्ट्रिय समाचार

## पूर्वराष्ट्रपति ट्रम्पमाथि अर्को अभियोग

**वासिङ्टन**/अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पमाथि गोप्य दस्तावेज व्यवस्थापनमा हेलचेक्र्याइँ गरेको अभियोग लागेको छ । न्यायिक अनुसन्धानमा उहाँलाई उपयुक्त ढङ्गले गोप्य कागतपत्रको व्यवस्थापन नगरेको आरोप लागेको हो । राष्ट्रपतिको कार्यालयबाट बाहिरिएपछि उहाँमाथि आपराधिक अनुसन्धानका क्रममा उक्त आरोप लागेको हो । यसबाट आगामी राष्ट्रपतीय निर्वाचनमा प्रतिस्पर्धा गर्न रोकलाग्नसक्ने जोखिम बढेको छ । राज्यका गोप्य कागतपत्रलाई लिएर अपराधको आरोप खेप्ने उहाँ पहिलो अमेरिकी पूर्वराष्ट्रपति बन्नुभएको छ । "भ्रष्ट बाइडेन प्रशासनले मलाई लगाइएको अभियोगका बारेमा मेरा वकिलहरूलाई सूचित गरेको छ,"पूर्वराष्ट्रपति ट्रम्पले आफ्नो ट्रुथ सोशल प्लेटफर्ममा लेख्नुभएको छ । आगामी मङ्गलबार आफूलाई मियामीको सङ्घीय अदालतमा उपस्थित हुन आदेश दिइएको पनि उहाँले उल्लेख गर्नुभएको छ । आफ्नो ७७ औं जन्मदिनको अघिल्लो दिन उहाँ अदालतमा हाजिर हुनुपर्नेछ । पूर्व राष्ट्रपति ट्रम्पमाथि लगाइएको अभियोग र उहाँको भनाइका बारेमा कानुन मन्त्रालयले कुनै विवरण सार्वजनिक गरेको छैन । यद्यपि उहाँका कानुन व्यवसायीहरूले देशका पूर्वप्रमुखमाथि सरकारी गोप्य दस्तावेज घरमा राखेकोलगायत सातवटा अभियोग लगाइएको बताएका छन् । एजेन्सी

## टेक्सासको पार्कमा पैदल मार्ग भत्किँदा २१ जना घाइते

**टेक्सास**/टेक्सासको सर्फसाइडको पार्कमा बिहीबार पदमार्ग भत्किँदा १६ जना घाइते भएका छन् । सो घटनामा घाइते भएका पाँच किशोरहरूलाई अस्पताल भर्ना गरिएको न्युयोर्क टाइम्सले उल्लेख गरेको छ । घाइतेहरू १४ देखि १८ वर्षका किशोरहरू रहेको र ती प्रायः साइप्रस, टमबल, ह्युस्टन, स्प्रिंग शाखा, सान एन्टोनियो लगायतका क्षेत्रमा भ्रमण गर्दै थिए । तिनीहरू त्यहाँ बायउ सिटी फेलोशिपद्वारा सञ्चालित ग्रीष्म शिविरमा भ्रमण गर्दै रहेको अधिकारीहरूले जनाएका छन् । सो पदमार्ग (स्थानीय समय) दिउँसो करिब १ बजे भत्किएको थियो।सर्फसाइड बीचको तटीय समुदाय ह्युस्टनको लगभग ६० माइल दक्षिणमा छ ।"घटनाको कारण बारे अनुसन्धान जारी छ । एजेन्सी

## पाकिस्तानको कराँचीमा पाँच महिनामा सडक अपराध र गोलीबारीका घटनामा ६१ जनाको मृत्यु

**सिन्ध**/गत पाँच महिनामा पाकिस्तानको कराँचीमा सडक अपराध र गोलीबारीका घटनाहरूमा ६१ जनाको मृत्यु भएको छ । पाकिस्तानी स्थानीय मिडिया अवामी आवाजका अनुसार मे महिनामा कराँचीमा ७,८४३ सडक अपराधका घटनाहरू उल्लेख गरिएको छ । दुई दिनअघि कराँचीको गुलसन इकबालस्थित कामरान चौरङ्गीमा मोटरसाइकलमा आएका लुटेराहरूले विश्वविद्यालयको एउटा गाडी रोकेर त्यसमा सवार विद्यार्थी र शिक्षकलाई बन्दुक देखाएर लुटेर फरार भएका थिए । अवामी आवाजका अनुसार कराँचीमा खस्किदो सुरक्षा व्यवस्था सिन्ध पुलिस र सिन्ध सरकारका लागि ठूलो चुनौती बनिरहेको छ । यसैबीच, पाकिस्तानी स्थानीय मिडियाले हालै उल्लेख गरेअनुसार पाकिस्तानले आफ्नो आर्थिक सङ्कट झेलिरहेको बेला अपराध झन् बढिरहेको छ । जनताले दैनिक उपभोग्य वस्तु धान्न सकेका छैनन् भने भोकमरी बढ्दै गएको छ । शैक्षिक संस्थामा हुने निराशा र असन्तुष्टिले गर्दा युवा पुस्ता लागुऔषध दुर्व्यसनीको शिकार बन्दै गएका छन् । पाकिस्तानमा हरेक दिन १,२०० युवा धूम्रपानको लतमा फसेका छन् र हरेक वर्ष झण्डै एक लाख मानिसहरूको यसबाट मृत्यु हुने गरेको छ । दैनिक ५ हजारभन्दा बढी मानिस अस्पतालमा भर्ना हुने गरेको पाकिस्तानी स्थानीय सञ्चार माध्यम डेली खबरले लेखेको छ ।पाकिस्तानले खाद्य सङ्कट, पैसाको अवमूल्यन, बिजुलीको अभाव लगायत कारणबाट हाल सबैभन्दा खराब अवस्थाको सामना गरिरहेको छ । एजेन्सी

## मोबाइलमा गेम खेल्ने कुलतले सम्पूर्ण आम्दानी चट

**बेइजिङ**/मध्य चीनको हेनान प्रान्तमा १३ वर्षकी एक किशोरीको मोबाइलमा गेम खेल्ने कुलतका कारण एउटा परिवारको सम्पूर्ण बचत रकम स्वाहा भएको छ । साउथ चाइना मर्निङ पोष्टका अनुसार नाम सार्वजनिक नगरिएकी ती किशोरीले आमाको ब्याङ्क खाताबाट गेम खेलेर रु १२ लाख चट पारेकी हुन् । उनले रु तीन लाख २३ हजार एक सय ६३ गेममा, रु पाँच लाख ६१ हजार तीन सय ३० गेम एप्लीकेशन खरिद गर्न र रु दुई लाख ६७ हजार तीन सय ५५ हजार १० जना साथीलाई गेम खेल्न दिएर खर्च गरेकी थिइन् । चार महिनाको अवधिमा उक्त रकम खर्च भएको हो । आमाको 'डेविट कार्ड' प्रयोग गरेर मोबइल गेममा पैसा उडाएको ती किशोरीका शिक्षिकाले देखेपछि उनले तत्काल किशोरीकी आमालाई उनकी छोरीको कुलत र रकम स्वाहा पारेको जानकारी गराएकी थिइन् । शिक्षिकाले सूचना प्रवाह गर्दा धेरै ढिलो भइसकेको थियो, आमाको खातामा एक रुपैयाँ ३३ पैसामात्र बाँकी थियो । समाचारअनुसार आमाले छोरीलाई आवश्यक परेका बेला विद्युतीय माध्यमबाट खर्च गर्नसक्ने गरी आफ्नो डेविट कार्ड 'पासवर्ड'सहित प्रदान गरेकी थिइन् । उनका बाबुले त्यति धेरै रकम कसरी खर्च गर्‍यो भनेर सोधेपछि उनले खर्चको विवरण दिएकी हुन् । साथीभाइले गेमका निम्ति रकम भुक्तानी गरिदिन आग्रह गरेपछि उनीहरूलाई नाई भन्न नसकेको जवाफ उनले दिएकी छन् । एजेन्सी

# कृषि क्षेत्रमा लागेका महिलालाई सीपसहित उपकरण प्रदान



**राजविराज** / कृषि उत्पादनमा वृद्धि, यसको संरक्षण तथा यस पेशामा लागेका महिलालाई प्रोत्साहन गर्ने उद्देश्यका साथ किटनाशक स्प्रे बितरण गरिएको छ ।

मधेश प्रदेशकी सांसद किरण कुमारी साहले सीपसहित महिला कृषकहरुलाई आवश्यक किटणासक स्प्रे मेसिन वितरण गरेकी हुन ।

शनिवार राजविराज नगरपालिका ९ मलेठस्थित श्री जनचेतना राष्ट्रिय प्राथमिक विद्यालयमा आयोजित एक कार्यक्रम बीच सांसद साहले ७६ जना विपन्न सामुदायका महिला कृषकलाई सो सामग्री वितरण गरिन् ।

उनकै संसदीय विकास कोषबाट प्राप्त रकमले स्थानीय जय लक्ष्मी गणेश कृषि सेवा केन्द्र मार्फत उक्त किटनाशक स्प्रे मेसिन वितरण गरिएको वडाध्यक्ष जवाहर यादवले जानकारी दिए ।

कृषि उत्पादनको वृद्धि, उत्पादनको संरक्षण तथा महिला कृषकलाई खेतीपाती तर्फ आकर्षित गराई आत्मनिर्भर बनाउने उद्देश्यले उक्त कार्यक्रम ल्याइएको प्रदेश सांसद साहले बताइन । सामग्री वितरण अघि यसको प्रयोग बारे तालिम समेत दिएकी सांसद साहले यसको सदुपयोग गर्न आग्रह समेत गरिन ।

# घुस रकमसहित वडा अध्यक्ष पक्राउ

**राजविराज** / सप्तरीको अग्नीसाईर कृष्णासवरण गाउँपालिका ५ का वडाध्यक्ष सब्दुल मियाँ घुस रकमसहित पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ईटहरीको टोलीले मियाँलाई पचास हजार रुँपैया घुस रकमसहित पक्राउ गरेको हो ।

मियाँले हिरावती आधारभुत विद्यालय बकधुवाको निर्माणाधिन भवनको वडा कार्यालयबाट निर्माण सम्पन्न भएको सिफारिस दिने प्रयोजनका लागि निर्माणकर्ता व्यक्तिबाट मंगलबार ५० हजार घुस लिदै गरेको अवस्थामा अख्तियारको टोलिले विद्यालयबाटै नियन्त्रणमा लिएको हो ।

गोप्य सूचनाको आधारमा पुगेको अख्तियारको टोलीले मियाँलाई घुस वापत लिइएको ५० हजार नगदसहित नियन्त्रणमा लिई थप अनुसन्धानका लागि नियन्त्रणमा राखिएको आयोगले जनाएको छ ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


# आमा-बुवाको नाममा संस्था खोली समाजसेवामा ई. सुर्य नारायण

**राजविराज** / सप्तरीका एक व्यक्ति सरकारी जागिर छाडेर समाजसेवामा सक्रिय भएका छन् । सप्तरीको छिन्नमस्ता गाउँपालिका ४ लालापट्टी पुख्यौली घर भई हाल राजविराज नगरपालिका ३ मा बसोवास गर्दै आएका इन्जिनियर सूर्य नारायण यादव– समाजसेवामा सक्रिय भएका हुन् ।

५७ वर्षिय यादव विगत डेढ दशकदेखि आमा हल्फा देवी र बुवा धर्मी प्रसादको नाममा धर्मी-हल्फा महिला विकास क्लब स्थापना गरेर समाज सेवामा जुटेका छन् । उक्त संस्था आफ्नो आमा बुवा र समाजका लागि विशेष उपहारको रुपमा रहेको ई. यादवको कथन छ ।



विद्युत प्राधिकरण, खानेपानी तथा भौतिक पूर्वाधार कार्यालयमा गरी झण्डै १० वर्ष जागीरे जीवन बिताएका उनी २०५७ सालमा बिचमै जागीरे जीवन त्यागेर धमी-हल्फा महिला विकास क्लब स्थापना गरी समाजसेवामा होमिएका छन् ।

नियतिले उनको आमा बुवालाई उनी जागीरमा लागेको केही समय पछि नै खोसिदियो । एक मात्र २० वर्षिय छोरा धीरज मोटरसाइकल दुर्घटनामा ४ वर्ष अघि ज्यान गुमाए । तर, पनि उनी विचलीत भएका छैनन् । अर्को सन्तानको रुपमा रहेकी छोरी सुनितालाई भने उनी डाक्टरी पढाउन र डाक्टर बनाउन सफल भएका छन् ।

अब समाजिक काम गर्ने र दिनदुखिलाई सेवा गरेर जीवन बिताउने उनको एक मात्र इच्छा छ । कतै आगलागि भयो, कतै बाढीपिडितको विचल्ली भयो, कतै अशक्त अपाङ्गलाई समस्या भयो, त कतै शितलहरले जनजीवन कष्टकर बन्यो भन्ने बारे खबर पाउनासाथ उनी आफ्नै निजि खर्चमा राहत सामाग्री जुटाई पिडितको घरमै पुगेर राहत सामाग्री बाड्ने गरेका छन् । यति मात्र होइन । आफ्नै नीजि लगानीमा ग्रामीण भेगमा गरीब असाहयलाई लक्षित गरी निःशुल्क स्वास्थ्य शिविर पनि चलाउने गरेका छन् उनी ।

संस्था स्थापना गरेदेखि हालसम्मको अवधिमा उनले जिल्लाको विभिन्न पालिकाका गरीब असहायलाई लक्षित गरी ११ पटक आँखा तथा कानको निःशुल्क जाँच उपचार शिविर समेत सञ्चालन गरिसकेका छन् । आफ्नै संस्थामार्फत उनले चलाउने गरेको निःशुल्क स्वास्थ्य शिविरबाट हालसम्म आँखा तथा कानका २७ हजार ५ सय भन्दा बढीले उपचार सेवा प्राप्त गरिसकेको संस्थाको रेडर्कबाट देखिएको छ । शिविरका लागि भने चौधरी आँखा अस्पताल र नेत्र रोग विशेषज्ञ डा. राजकुमार यादव नेतृत्वको चिकित्सक टोलीले निःशुल्क प्राविधिक सहयोग उपलब्ध गराउने गरेको अध्यक्ष ई. यादवले बताएका छन् ।

संस्थाले ग्रामीण क्षेत्रमा पुगेर संचालन गर्ने शिविरमा आउने आँखाका जटिल तथा शल्यक्रिया गर्नुपर्ने बिरामीलाई आफ्नै खर्चमा लहानस्थित चौधरी आँखा अस्पतालमा पु¥याई उपचार गराउने र आफन्त नभएका बिरामीको स्याहार सुसारमा समेत उनी खटिने गरेका छन् । शिविरमा आउने गरिब असहायलाई मानवीयताका नाताले आफ्नै खर्चमा थप उपचार गराउन अस्पतालसम्म लगिदिने र आफन्त नभएकाको हेरचाह गरिदिने गरेको उनले सुनाए ।

जागीरे जीवनमा जोडेको केही सम्पति र बाबु बाजेले छाडेर गएको जग्गा जमिनबाट केही बिक्री गरेर उनी विपदमा परेकाहरुलाई तन, मन र धनले सहयोग गर्दै आएको सुनाउँछन । उनी यसैमा रमाउन र जीवन खोज्न चाहन्छन् । "अब कसको लागि कमाउनु छ र ? उनी भन्छन्- "आफुलाई खान लाउन पुगेकै छ, दीनदुखीलाई सहयोग गर्दाको आनन्द बैग्लै छ ।"

ई. यादवले बाँड्ने गरेको राहत समाग्री र बेला बेलामा चलाउने गरेको निःशुल्क स्वास्थ्य शिविरले यहाँका धेरै गरीब असहायलाई राहत प्रदान गरेको छ ।


**सामाजिक सञ्जालक प्रयोगमे सजगता अपनाबू**

- सामाजिक सञ्जालक पासवर्ड गोप्य राखू आऽ लगआउट करए नहि विसरु ।
- बिना अनुमति केकरो तस्विर वा भिडिओ नहि खिंचूआऽ सामाजिक सञ्जालमे नहि राखू ।
- अपरिचित व्यक्तिको साथी बनबाक प्रस्ताव स्वीकार नहि करु ।
- सामाजिक सञ्जालमे चिनजान भेल आधारमे भेटए नहि जाउ ।
- अमर्यादित व्यवहार सामाजिक सञ्जालमे नहि करु ।
- कोनो प्रकारक भ्रामक, आधिकारिकता नहि भेल सूचना, सन्देश, तस्वीर तथा भिडियो शेयर नहि करु, नहि कराबू ।
- व्यक्तिक मर्यादा, सम्मान आ प्रतिष्ठामे आँच आबएवाला सूचना तथा सन्देश पोष्ट नहि करुं ।
- अशोभनीय तथा शंकास्पद संदेशके प्रतिवाद करु । उक्त सन्देश प्रमाणके लेल सुरक्षित राखू ।
- जौं असुरक्षित महशुस होइ तऽ अविलम्व पुलिसके खबर करु ।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit | CITY EXPRESS | Best Remit Quick & Easy | PRABHU Money Transfer | रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*